जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: २८ पृष्ठ: ४ | २०८३ जेठ ०४ सोमबार (Monday 18 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चालिस लाख मूल्य बराबरको समानसहित दुई पक्राउ



सिरहा, ३ जेठ। सशस्त्र प्रहरी बल नेपालले सिरहाको सीमावर्ती क्षेत्रमा ठूलो परिमाणमा अवैध सामानसहित एक मालवाहक गाडी र दुई जनालाई नियन्त्रणमा लिएको छ। जिल्लाको नवराजपुर गाउँपालिका–५ देवनगरस्थित सीमा क्षेत्रमा विशेष गस्तीका क्रममा नेपालबाट भारततर्फ अवैध रूपमा लैजान लागिएको सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाका अनुसार विशेष सुराकीका आधारमा गण मुख्यालयबाट खटिएको ३५ सदस्यीय टोलीले शनिबार राति करिब ९:०० बजे स१ख ५३५ नम्बरको टाटा टुटोन गाडीलाई शङ्कास्पद अवस्थामा रोकी जाँच गरेको थियो। जाँचका क्रममा गाडीमा लुकाईछिपाई राखिएको कस्मेटिक सामग्री, मन्जन ( टुथपेस्ट) तथा ओखर फेला परेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद गरिएको सामान र गाडीको अनुमानित बजार मूल्य करिब रु ४० लाख रहेको बताइएको छ।

घटनामा संलग्न रहेको आरोपमा नवराजपुर गाउँपालिका–५ निवासी अन्दाजी ५० वर्षीय राजेशकुमार यादव र ३९ वर्षीय आनन्द यादवलाई पक्राउ गरिएको छ। पक्राउ परेका दुवै व्यक्ति, बरामद सामान तथा गाडीलाई आवश्यक कारबाहीका लागि भन्सार

**–बाँकी अन्तिम पेजमा**

## सहिद हेमनारायण गोल्डकप प्रतियोगिता जेठ ८ गतेदेखि

काठमाडौँ, ३ जेठ। सिरहामा यही जेठ ८ गतेदेखि चौथो संस्करणको ‘सहिद हेमनारायण गोल्डकप फुटबल प्रतियोगिता–२०८३’ सञ्चालन हुने भएको छ। स्थानीय सलहेश युवा क्लबको आयोजना, सिरहा नगरपालिकाको मुख्य आर्थिक सहयोग र जिल्ला फुटबल संघ सिरहाको प्राविधिक सहयोगमा प्रतियोगिता सञ्चालन हुन लागेको हो। आयोजकले प्रतियोगिताको खेल तालिका समेत सार्वजनिक गरिसकेको छ।

सिरहा नगरपालिका–३ मखनाहास्थित शंकर खेल मैदानमा हुने उद्घाटन खेलमा चात्या सा फुटबल क्लब झापा र गोलबजार युनाइटेड क्लब गोलबजारबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। ‘युवाको सम्मान, सलहेश नगरी सिरहाको पहिचान, फुटबल खेल हाम्रो अभियान’ भन्ने नाराका साथ आयोजना हुन लागेको यस प्रतियोगितामा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका गरी आठ टोलीको सहभागिता रहने आयोजक सलहेश युवा क्लबका अध्यक्ष राजीव यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार यस वर्ष केही नयाँ टोलीहरूलाई समेत समावेश गरिएकाले प्रतियोगिता थप प्रतिस्पर्धात्मक र रोचक हुने अपेक्षा गरिएको छ। प्रतियोगितामा आयोजक सलहेश युवा क्लब सिरहासहित रिफ्स काठमाडौं, पथरी–११ एफसी मोरङ, गाईघाट युनाइटेड उदयपुर, गोल्डेन स्टार युथ क्लब भलुवा सुनसरी र भारतको माँ कामाख्या स्पोर्ट्स क्लब बक्सर (बिहार) ले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिताको फाइनल खेल गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते हुनेछ। आयोजकका अनुसार, प्रतियोगिताको विजेता टोलीले नगद रु तीन लाखसहित रनिङ ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद रु एक लाख ५० हजार, ट्रफी, पदक र प्रमाणपत्र पाउनेछ। सिरहा जिल्लाकै प्रतिष्ठित र ठूलो खेल उत्सवको रूपमा हेरिएको यस प्रतियोगितालाई मधेश प्रदेशमा फुटबल खेलको विकास, युवा प्रतिभाको पहिचान तथा खेल पर्यटन प्रवर्द्धनको महत्वपूर्ण माध्यमको रूपमा लिइएको छ।

## गैरआवासीय नेपाली संघ, कतारमा एकतापछि नयाँ कार्यसमिति चयन


लहान, ३ जेठ। नेपाली श्रमिकहरूको हक हितका लागि एउटै नाममा सक्रिय रहेका गैरआवासीय नेपाली संघ ( एनआरएनए), अन्तर्राष्ट्रिय समन्वय परिषद् ( आइसिसी)अन्तर्गत मध्यपूर्वको खाडी मुलुक कतारमा राष्ट्रिय समन्वय परिषद्को एकता घोषणा भएको छ। कतारका कार्यवाहक राजूदत कुमार राईको विशेष आतिथ्य तथा आइसिसीका उपमहासचिव मुक्तदा मुसलमान र मध्यपूर्व उपसंयोजक करिम बक्स मियाँको उपस्थितिमा गत शुक्रबार कतारको राजधानी दोहा सनैयामा एकता घोषणा भएको हो।

सन् २०२७ सम्मका लागि एकतापछि बनेको ८६ सदस्यीय नयाँ कार्यसमितिमा अध्यक्ष कृष्ण पन्थी, उपाध्यक्षहरू रविन मगर, रोशन अर्याल, सन्तोष पौडेल, जहाँगिर आलम, सुवास सिंह थापा, विवेक पुलामी मगर, लीला राई, महिलाद्वय उपाध्यक्ष टौमाया गुरुङ, रमाकुमारी तामाङ छन्। त्यस्तै, दुईजना युवा उपाध्यक्षहरू मेहरसिंह तामाङ, टंकबहादुर विक, महासचिव शिवकुमार भुजेल, सातजना सचिवहरू बुद्ध पाण्डे, खेमराज सुवेदी, इसिलाल पण्डित, सुजन गुरुङ, शंकरमान राई, अर्जुन संग्रैला, कवीन्द्र कँडेल, कोषाध्यक्ष प्रेमकुमार बस्नेत र सहकोषाध्यक्ष मो. आजाद मन्सुर चयन भएको उपाध्यक्ष आलमले जानकारी दिए। उनका अनुसार कार्यसमितिमा महिला संयोजक अप्सना मियाँ, दुई सांस्कृतिक

**–बाँकी अन्तिम पेजमा**

आजै घटाऔं विषादीको प्रयोग, अनि भोलि पाउछौं स्वस्थ योग।
प्राकृतिक मल प्रयोग गरौं, माटो पानी जोगाऔं, हरियाली बढाऔं।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।
- हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# लोकतन्त्रमा मध्ययुगीन शैलीको शासन

अहिलेका शासकहरूको उमेरले अपेक्षाकृत युवा छन्। यसैले तिनको सोच पनि आधुनिक र उन्नत हुने अपेक्षा अस्वाभाविक होइन। तर, राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार बनेपछि पनि शासन शैली भने सुधारोन्मुख हुनसकेको देखिँदैन। यसको पछिल्लो उदाहरण पहिले थुन्ने अनि सुन्नु मध्ययुगीन शैलीको पुनरावृत्ति हुनपुगेको छ। सामान्यतः व्यक्ति अरूका लागि भौतिकरूमा खतराजनक भएमात्र थुनामा राख्ने प्रचलन अहिले लगभग विश्वव्यापी भइसकेको छ। त्यसमा पनि बैंकिङ वा व्यावसायिक निर्णयसम्बन्धी आर्थिक विवादमा त आपराधिक नियत, व्यक्तिगत लाभ, ठगी वा षड्यन्त्रको स्पष्ट प्रमाणबिना फौजदारी शैलीमा गिरफ्तार गरिनु उपयुक्त मानिदैन।

नेपालमा भने विवाद बुझ्नुभन्दा पहिले व्यक्तिलाई पक्रने, थुनामा राख्ने र मानसिक यातना दिने अभ्यास अझै सामान्यजस्तै छ। अहिलेको विश्वव्यापी अभियोजन प्रवृत्ति अहिले अनुसन्धानलाई प्रभावकारी बनाउने तर व्यवसायिक निर्णयलाई अपराधीकरण नगर्ने दिशातर्फ उन्मुख छ। नेपालमा भने अभियोजनको तयारी नै नगरी व्यक्तिलाई पक्रने प्रवृत्ति देखिन्छ । लोकतन्त्रमा राज्य सञ्चालन विधि, प्रमाण र न्यायिक प्रक्रियामा आधारित हुनुपर्छ। कसैको शंका, सनक र शक्ति प्रदर्शनका लागि राज्य संयन्त्रको दुरुपयोग हुनु हुँदैन। तर नेपालमा एकपछि अर्को सरकारको व्यवहार हेर्दा भने प्रतिशोधका लागि शासनको दुरुपयोग गर्ने प्रवृत्ति संस्थागत भएको देखिएको छ। यसबाट बैंकिङ क्षेत्र बढी सन्त्रस्त हुनपुगेको देखिन्छ।

अनुसन्धानभन्दा पहिले सार्वजनिक अपमान हुनेगरी फौजदारी शैलीको धरपकडलाई सामान्य अभ्यास बनाउने प्रवृत्तिले कानुनको होइन त्रासको शासन स्थापित हुन्छ। हालैका घटनाहरूबाट बैंक तथा वित्तीय संस्थाका सञ्चालक, लगानीकर्ता र व्यवस्थापकहरूमा असुरक्षाको भावना बढेको छ। यस्तो वातावरणमा निजी क्षेत्रले कसरी जोखिम लिने र स्वदेशी उद्यमीले किन लगानी बढाउने भन्ने प्रश्न हुनु स्वाभाविकै हो। स्वदेशी व्यवसायीले नै असुरक्षाको अनुभव गर्ने वातावरणमा विदेशी लगानीकर्ताले नेपाललाई विश्वसनीय गन्तव्य ठान्न पक्कै पनि सक्तैनन्। त्यस अवस्थामा नेपालमा वैदेशिक लगानी आकर्षित हुने होइन पुँजी पलायन, लगानी संकुचन र आर्थिक निष्क्रियता बढ्नु स्वाभाविक हुनपुग्छ।

यसै पनि नेपालको बैंकिङ प्रणालीलगायत वित्तीय क्षेत्र अहिले दबाबमा छ। इतिहासकै न्यून ब्याजदर हुँदासमेत कर्जा विस्तार हुनसकेको छैन। व्यवसायीको मनोबल खस्किएको छ भने बजारमा भविष्यप्रतिको आशा कमजोर बनेको छ। यस्तो अवस्था सामान्य नभएर अर्थतन्त्रभित्रको गहिरो संरचनात्मक समस्याको द्योतक हो। त्यसमाथि सरकारी धरपकडले थप निराश बनाएको देखिन्छ। नेपालमा बैंकिङ क्षेत्र नियमन गर्ने विशेष कानुन बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन ९बाफिया० र बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ रहेका छन्। यी कानुनअन्तर्गत आवश्यक अनुसन्धान र कारबाहीका प्रावधान छन्। तर, सम्बन्धित कानुनअनुसार कारबाही चलाउनुको साटो सरकार दुःख दिएर रमाउने परपीडक शैली अपनाउन प्रवृत्त देखिन्छ।

वित्तीय अपराध अनुसन्धान सामान्य आपराधिक अनुसन्धानजस्तो विषय पनि होइन। यसका लागि विशिष्टीकृत ज्ञान, नियामकीय बुझाइ र वित्तीय प्रणालीको गहिरो अध्ययन आवश्यक पर्छ। सरकार यस्तो त्रास र अवसश्वास नफैलियोस् भन्ने चाहन्छ भने अँध्यारोमा तीर हान्ने अहिलेको अभ्यास बन्द गरी विषयगत विज्ञसहितको स्वायत्त र अधिकारसम्पन्न वित्तीय अनुसन्धान निकायको स्थापना गर्नु आवश्यक र उचित देखिन्छ।

साथै पछिल्लो घटनाबाट उत्पन्न असहज वातावरणमा परिवर्तनका लागि सरकारले नेपाल बैंकर्स संघ, नेपाल उद्योग वाणिज्य महासंघजस्ता संस्थाहरूसँग संवाद गरेर विश्वासको वातावरण बनाउन अग्रसर हुनुपर्छ। कम्तीमा पहिले अनुसन्धान, अनिमात्र कारवाही" भन्ने न्यूनतम लोकतान्त्रिक मान्यताको अभ्यासका लागि निजी क्षेत्र, नियामक र सरकारबीच गम्भीर संवाद आवश्यक देखिन्छ। निजी क्षेत्रको विश्वास गुमाएपछि अर्थतन्त्र चल्न सक्दैन भन्ने हेक्का रहोस्।

लोकतन्त्रमा राज्य शक्तिशाली भन्दा बढी संयमित हुन्छ। शासन शैलीमा न्यायभन्दा भय प्रभावकारी हुन थालेपछि समाज अन्धकार युगतर्फ जान्छ। नेपाल विधि, विवेक र न्यायमा आधारित आधुनिक राज्य बन्ने कि मध्ययुगीन अन्धकारतिर फर्कने हो रु आजको मूल प्रश्न यही हो।

# संविधान ‘संशोधन’ कि ’संरक्षण’ ?

## प्रायः विद्रोह, अराजकता र अमर्यादाका पछाडि मनोवैज्ञानिक कारण हुनसक्छ

**गोविन्द अधिकारी**

राज्य सञ्चालनका तौरतरिका र सत्ताधारीका व्यवहार हेर्दा देश निरन्तर सर्वसत्तावादको दिशामा उन्मुख देखिएको छ। इतिहासमा कहिल्यै नदेखिएका अधिनायकवादी प्रवृत्तिहरू अहिले देखिन थालेका छन्। अल्गोरिदमले एजेन्डा तय गर्न थालेपछि जनताको दबिनु आश्चर्य पनि होइन। समाजमा अहिले देखिएको भय, उन्माद र निस्पृहतामा गौर गर्ने हो भने जर्ज अर्वेलको उपन्यास 'नाइन्टिन एट्टीफोर'को चित्रित जनजीवन चरितार्थ हुँदैगएको देखिनेछ।

**सर्वसत्तावादको संकेत**

प्रतिनिधि सभामा दुई तिहाइ बहुमत भएको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार प्रकृति र प्रवृत्ति दुवैका कारण कुनै राजनीतिक दलको नभएर प्रधानमन्त्री बालेन्द्र शाहको अधिनायकत्वमा चलेको देखिन्छ। संसदीय मान्यता, परम्परा र मर्यादामात्र होइन, लोकतान्त्रिक विधि, प्रक्रिया एवं मूल्य पनि प्रधानमन्त्री शाहका लागि मूल्यहीन देखिएका छन्। यस्तो व्यवहार उनले अज्ञानवश गरेका हुन् कि जानीजानी अहमत्याइँ देखाएका हुन् अहिले नै ठोकुवा गर्नु हतार होला। तर, बालेन्द्र शाह ( बालेन) अरू जे भए पनि लोकतन्त्रवादी होइनन् र उनमा लोकतान्त्रिक पद्धतिप्रति नै वितृष्णा छ भन्ने चाहिँ उनको व्यवहारबाट स्पष्टै देखिन्छ।

**दिग्भ्रम विचार निर्माता**

अर्कातिर, अल्गोरिदममा बहकिएका उर्बौलाहरू त भए भए बौद्धिक भनिने पाकाहरू पनि अहिले प्रधानमन्त्री बालेन्द्र शाहको कर्खा गाउन तँछाडमछाड गरिरहेका छन्। लोकतन्त्रका लागि लामो संघर्ष र त्याग गरेकाहरूका लागि यो भयावह चिन्ताको विषय हो। मुलुक २०१७ वा २०३७ सालतिर फर्कने त होइन ? नेपालको इतिहास र नियति सम्झने हो भने पनि झस्कनुपर्ने हुन्छ। प्रविधिको विकास मानव सोचलाई बराल्न कति सहजतापूर्वक प्रयोग हुनसक्छ भन्ने बुझ्न अब अर्वेलका उपन्यास पढ्न पनि पर्दैन। नेपालमा २०८२ भदौ २३ र २४ को तयारी तथा त्यसको व्याख्यामा देखिएको भ्रमलाई सत्य बनाउन गरिएको धुर्त्याइँलाई खुला हृदयले मनन गरे पुग्छ। प्रत्येक घटना र मान्यताको 'लोकप्रिय' व्याख्यामा 'डबल स्पिक'को छाप जो देखिन्छ।

**कमजोर र विभाजित विपक्ष**

यस्तो अवस्थामा प्रतिपक्ष कमजोर, विभाजित र दिग्भ्रम देखिएको छ। संसद्लाई प्रधानमन्त्री शाहले अत्यन्त अमर्यादित शैलीमा बहिष्कार गरे। उनको व्यवहार हेर्दा मौका पाउनेबित्तिकै प्रधानमन्त्री शाहको कोपभाजनमा सके त लोकतन्त्र नभए कम्तीमा पनि प्रतिनिधि सभा पर्न सक्छ। धेरैलाई रास्वपाकै वरिष्ठ नेताले आफ्नै पार्टीको प्रचण्ड बहुमत भएको प्रतिनिधि सभा भङ्ग गर्छन् भन्ने पत्याउन मुस्किल होला। तर, कुनै पनि कारणले संसदीय प्रक्रिया वा उनको दलले उनको इच्छामा अवरोध गरेका खण्डमा पहिलो प्रहार प्रतिनिधि सभामाथि नै हुनेछ।

**अवचेतनको शासन ?**

यस प्रकारको आक्रामकता र अधिनायकवादी प्रवृत्ति अवचेतनमा रहेको असुरक्षा वा हीनता ग्रन्थीको अभिव्यक्ति हुन सक्छ। राज्य वा कुनै सरकारले शाह वा तिनको परिवार, आफन्त वा निकटस्थमाथि अन्याय गरेको भान परेको हुनसक्छ। प्रायः विद्रोह, अराजकता र अमर्यादाका पछाडि मनोवैज्ञानिक कारण हुनसक्छ। उनका व्यवहारलाई यसरी पनि हेर्न सकिएला। तर, कानुन नजान्दैमा सजायबाट उन्मुक्ति नपाएजस्तै प्रधानमन्त्री वा अरू कसैको मनोग्रन्थीका आधारमा शासकीय व्यवहार तलमाथि भए क्षम्य हुँदैन।

अर्थात्, अहिले लोकतन्त्र कसरी जोगाउने भन्ने चिन्ता र चिन्तनमा लाग्नुपर्ने बेला हो। विदेशको जागिर वा महलको कौसीबाट हेरेकाहरूका आँखामा प्रगतिशील परिवर्तन देखिएका विषयहरू अन्ततः भ्रम र धोकामात्र भएको बुझ्न धेरै बेर लाग्न सक्छ। यस्तै, सामाजिक सञ्जालको प्रस्तुतिमा बालेनको नाम जोडेपछि लाखौं दर्शक बढ्ने र हजारौं रुपियाँ कमाइ हुने आशामा दौडेकाहरू पनि नभेटुन्जेल मृगमरीचिकाको पछि दौडिरहन्छन्। समाज त यही हो। कसैले रणनीतिपूर्वक अल्गोरिदम निर्माण गरिदियो भने कान समाउने कष्ट किन गर्ने ? कागको पछाडि दौडिनैमा मजा हुन्छ।

**संविधान संशोधन : रणनीतिक 'स्टन्ट'**

यस्तो अवस्थामा अहिले संविधान संशोधनको बहसमा बहकिनु लोकतन्त्रवादीहरू विशेषगरी संसदीय लोकतन्त्रको घोषित पक्षधर नेपाली कांग्रेसका लागि आत्मघाती मूर्खता सिद्ध हुनसक्छ। संविधान संशोधनका लागि आधारपत्र तयार गर्न बनाइएको कार्यदलको संरचना हेरिसकेपछि प्रधानमन्त्री बालेन्द्र शाह संविधानलाई कति महत्त्व दिन्छन् भन्ने पनि भेउ नपाएका हुन् भने विपक्षका नेताहरूले लोकतन्त्र जोगाउन पनि सक्तैनन्। यही कार्यदलको स्वरूपमा पनि शाहको नियत र उपेक्षा दुवै प्रकट हुन्छ।

अहिले विपक्ष बहकियो र संविधान संशोधनमा प्रवेश गऱ्यो भने त्यो निकास नभएको अँध्यारो सुरुङ साबित हुनसक्छ। चुनावका बेलामा अल्गोरिदमले बनाएको जनमत विवेकपूर्वक विचार गर्नसक्ने अझै भइसकेको छैन। विपक्षमा प्रकटअप्रकट यदुवंशी युद्ध चर्केको छ। नागरिक अगुवाको पनि साख सकिएको छ। यस्तोमा संविधानका प्रगतिशील गुणहरू संशोधनका नाममा हटाइन सक्छ। संसदीय प्रणाली नै समाप्त पारिने जोखिम झन् बढी छ। अब त लोकतन्त्रको रक्षाका लागि अदालतमाथि पनि खासै भर पर्न सकिने अवस्था देखिँदैन।

**परिपक्वताको प्रतीक्षा**

यसैले अहिले संविधान संशोधनको बहसमा विपक्ष प्रवेश गर्नु मूर्खता हुने देखिन्छ। केही दिनमा प्रधानमन्त्री शाह परिपक्व, धैर्यवान् र संयमी हुनसक्छन्। नभए रास्वपाका नेताहरूले नै पनि शाहको मनोभावना राम्ररी बुझ्न सक्छन्। राजनीतिक अवस्था लोकतन्त्रका लागि अनुकूल देखिएपछि मात्र संविधान संशोधनको बहस अगाडि बढाउन लोकतन्त्रवादीहरू अग्रसर हुनुपर्छ। अहिले त कम्तीमा सैद्धान्तिक असहमति भएको संवैधानिक परिषद् सम्बन्धी अध्यादेश राष्ट्रिय सभाबाट विफल बनाउन ध्यान केन्द्रत गरे हुन्छ। (यसै पनि प्रधानमन्त्री शाहलाई अध्यादेश चाहिएको आफ्नो मनले खाएको प्रधान न्यायाधीश नियुक्त गराउनलाई न हो। त्यो भइसकेपछि र उपसभामुखले सहयोग गर्न थालेपछि अब प्रधानमन्त्री पक्षमा बहुमत पनि सजिलै पुग्ने जो देखियो।) यसैले संविधान संशोधन होइन संरक्षणको चिन्ता गरौँ ! बाह्रखरीबाट

# एमालेमा जुट्दै विद्या, कांग्रेसबाट फुट्दै देउवा !

**रमेश सापकोटा**

काठमाडौं, ३ जेठ। कटुतापूर्ण सम्बन्धमा रहेका एमालेका नेताहरू जुट्दै गर्दा मुलुककै पुरानो प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेस फुटतर्फ अघि बढेको छ। कटुतापूर्ण सम्बन्ध र पानी बाराबारको स्थिति अन्त्य गर्ने बाटोमा एमाले अग्रसर छ। मदन–आश्रित ३३औँ स्मृति दिवसको अवसरमा एमालेले त्यस्तै छनक दियो। पूर्वराष्ट्रपति एवं एमाले उपाध्यक्ष विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा बल्खुमा भव्य कार्यक्रम गऱ्यो।

जबकि एमालेले औपचारिक निर्णय गर्दै भण्डारीको सदस्यता होल्ड गरेको थियो। उनी पार्टीमा सक्रिय हुन्छु भन्दा पनि पार्टीले उनलाई रोकेको थियो। गत महाधिवेशन नै दुई प्यानलमा भएको थियो। एउटा खेमाको नेतृत्व केपी ओली र अर्कोको विद्या भण्डारीले गरेकी थिइन्। तर, त्यो कटुता र आक्रोशको राजनीतिबाट एमालेले आफूलाई फर्काउन खोजेको छ। भदौ २३ र २४ को जेन–जी विद्रोह र २१ फागुनको चुनावी नतिजा एमालेका लागि अनुकूल भएन। त्यसैले एमालेमा जुट्नुपर्छ भन्ने विषयले प्राथमिकता पाएको छ। यही अभिलाषासहित भण्डारीलाई बल्खुमा उतारिएको चर्चा एमाले वृत्तमा छ।

केही समयअघि मात्रै पार्टीले गरेको तिरस्कारलाई भण्डारी स्वयम्ले बल्खु पुगेर बेवास्ता गरिदिइन्। बरु पार्टी एकताका लागि के–के गर्न सकिन्छ भन्ने अर्थपूर्ण अभिव्यक्ति दिइन्। ‘राजनीति जनसेवा र समाज रूपान्तरणको अभियान हो भन्ने मान्यतालाई स्थापित गर्न अविचलित ढंगले क्रियाशील हुनैपर्छ,’ उनले अध्यक्ष केपी ओलीतिर संकेत गर्दै भनिन्, ‘आज मदन–आश्रितको स्मृतिको अवसरमा हामीले आत्मसुधार, एकता, जनतासँगको सम्बन्ध सुदृढीकरण तथा राष्ट्र र जनताको हितलाई सर्वोपरि राखेर अघि बढ्न प्रेरणा लिनुपर्छ।’

कार्यक्रममा ओली थिएनन्। तर, उनीपक्षीय सबै शीर्ष नेताहरू सहभागी थिए। उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, ओलीसँग अध्यक्ष लडेका ईश्वर पोखरेलसहितका थुप्रै नेता सहभागी थिए। ओलीबाहेकको सिङ्गो एमाले पुरानो केन्द्रीय कार्यालय बल्खु प्रांगणमा उपस्थित थियो। पार्टीले आदर्श सिद्धान्त मानेको मदन भण्डारीकै स्मृति दिवसका दिन बल्खुमा प्रमुख अतिथिसहित भण्डारीलाई उपस्थित गराउनु आफैँमा अर्थपूर्ण सन्देश थियो। ओलीको चाहनामा भण्डारीलाई प्रमुख अतिथि बनाइएको बताइन्छ।

सदस्यता नवीकरण नगरेपछि जेन–जी विद्रोहपछि ओली र भण्डारीबीच भेटवार्ता भइसकेको छ। ओली उपचारमा रहँदा शिक्षण अस्पताल र गुण्डुमा दुईबीच भेट भएको हो। भण्डारीको सदस्यता २०८२ साउनमा होल्ड गरिएको थियो। चुनावपछि ओलीमाथि नेतृत्व छोड्न दबाब परेको थियो। उनै खेमाका उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलसमेत ओलीको विकल्प खोज्नुपर्नेमा समान मतमा पुगेका थिए। आन्तरिक ध्रुवीकरण फरक बनिरहेको बेला ओली र भण्डारबीच फेरि सहज वातावरण बनेको हो।

छोटो भए पनि लिखित सम्बोधन गरेकी भण्डारीले वर्तमानका कुरा मात्रै गरिनन्, भविष्यमा कसरी बलियो एमाले बनाउने भन्नेसमेत बताइन्। अर्थात् एमालेमा सक्रिय हुने चाहनालाई उनले लुकाइनन्। ‘अब पार्टीले पुनः जनविश्वासलाई अझ सुदृढ बनाउन जनमुखी कार्यशैली, आत्मअनुशासन र सेवाभावलाई व्यवहारमा उतार्नुपर्छ,’ भण्डारीले भनेकी छन्, ‘कार्यकर्ताहरू जनताको बीचमा पुग्नुपर्छ, जनताको दुःख–सुखमा सहभागी हुनुपर्छ र समाजमा सकारात्मक राजनीतिक संस्कार निर्माणमा सक्रिय हनुपर्छ।’

महासचिव पोखरेलले भण्डारीलाई प्रमुख अतिथि र कमरेड भन्दै स्वागत गरे। उनका बारेमा कमरेड भन्दै प्रस्ट्याए। उनले मात्रै होइन,

–बाँकी तीन पेजमा

## एमालेमा जुट्दै ..

उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले पूर्वराष्ट्रपति र एमाले पूर्वउपाध्यक्ष भन्दै सम्बोधन गरे। एकातिर आन्तरिक ध्रुवीकरण मिलाउने र अर्कोतिर वाम एकतातिर पनि एमाले अग्रसर छ। आगामी प्रदेशसभा र स्थानीय तहको निर्वाचनअघि एमाले बलियो भएर अगाडि बढ्ने कसरतमा छ। अहिलेको ओलीको नाममा भन्दा विद्याको नाममा एकता गर्दा प्रचण्डदेखि माधव नेपालहरूसम्म अटाउने विश्वाससमेत एमालेमा छ। यसैले भण्डारी स्वयम् उत्साहित रहेको बताइन्छ।

ओलीकै टिमबाट महासचिव जितेका शंकर पोखरेलले आइतबार बल्खुमा अर्थपूर्ण भनाइ राखे। झापा विद्रोह, पटकपटक पार्टी विभाजन, कमजोर नतिजाबाट एमाले उठेको भन्दै पोखरेलले जेन–जी विद्रोहपछि पनि पार्टी उठ्ने संकल्प गरे। इतिहासबाट शिक्षा लिने कुरा मदन भण्डारीबाट सिक्नुपर्ने उनको भनाइ अर्थपूर्ण थियो। ‘मदन भण्डारीले भनेजस्तै विगतलाई सिंहावलोकन गर्नुपर्छ। किनकि उहाँ इतिहासबाट शिक्षा लिनुपर्छ भन्नुहुन्थ्यो। सिद्धान्त र जीवनको अन्तरसम्बद्धताको कुरा गर्नुहुन्थ्यो,’ पोखरेलले भने, ‘हाम्रो नीति र निर्णयलाई गएको निर्वाचनमा जनताले साथ दिएनन्, मतदाताले रुचाएनन्। नीति र निर्णयलाई जनताले किन साथ दिएनन् भन्ने कारण खोज्नुपर्छ। त्यसैले हरदम इतिहासबाट शिक्षा लिएर अगाडि बढ्न सक्नुपर्छ भन्ने संकल्प गर्नुपर्छ।’ पार्टी आरोह अवरोहबाट धक्का र प्रश्न उठ्ने गरे पनि कम्युनिस्ट दलले त्यसलाई चिर्नुपर्ने उनको भनाइ थियो।

यसअघि ओलीका विश्वासपात्र नेता रहेका पोखरेलले समेत पार्टीका निर्णय र नीति अनुमोदन नहुँदा कारण खोज्नुपर्ने बताउनु आफैँमा अर्थपूर्ण भनाइ छ। आन्तरिक दबाब तीव्र बनिरहेको बेला ओलीले भण्डारीसँग थप सिँगौरी नखेल्ने नीति लिएका छन्। भण्डारीनिकट स्रोतले पनि पार्टी सदस्यता रोक्नेदेखि प्रमुख अतिथि खोज्नेसम्मको अवस्था आउनु सकारात्मक भएको जानकारी दियो। ‘उहाँको पार्टी सदस्यता रोक्नेदेखि आज प्रमुख अतिथिका लागि निमन्त्रणा गर्नेसम्मको स्थिति आयो। पार्टीले चुनौती धेरै सामना गरेपछि मिलेर जानुपर्छ भन्ने महसुस गर्छ भने यो नराम्रो होइन,’ भण्डारीनिकट स्रोतले भन्यो, ‘बल्खुमा कार्यक्रम हुनु, प्रमुख अतिथिमा पूर्वराष्ट्रपति हुनु, उपाध्यक्षहरूले बोल्नु र महासचिवले कार्यक्रम चलाउनुले पनि केही सन्देश दिन खोजेको हुन सक्छ।’

स्वास्थ्यको कारण देखाएर ओलीले आफ्नो अनुपस्थितिमा विद्यालाई बोलाउन आग्रह गरेको बुझिएको छ। ‘पार्टी, कार्यालयका मुख्य सचिव नै निमन्त्रणा लिएर आउनु अध्यक्षकै सहमति भएर होला,’ भण्डारीनिकट स्रोतले भन्यो, ‘यो नरम व्यवहारले अब कसरी मूर्त रूप लिँदै जान्छ, समयले बताउँछ।’

**कांग्रेस फुटतर्फ**

एमाले आन्तरिक रूपमा थप बलियो हुनेतर्फ अग्रसर भइरहेको बेला नेपाली कांग्रेस भने ठीक उल्टो बाटोमा अग्रसर छ। विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई निर्वाचन आयोग र सर्वोच्च अदालतले मान्यता दिए पनि कांग्रेस भने फुटतर्फ अग्रसर छ। पूर्वकार्यवाहक सभापति एवं उपसभापति पूर्णबहादुर खड्काले त शनिबार सुर्खेत पुगेर कांग्रेस विभाजनको डिलमा रहेको बताउन भुलेनन्। ‘पार्टी विभाजनको डिलमा छ, म त्यो बाटोमा जान हुन्न भन्छु,’ देउवा समूहका नेता खड्काले भने सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्मातिर लक्षित गर्दै भने, ‘तर, पार्टी मिलाउने कि फुटाउने तपाईंहरूको जिम्मामा छ।’

आफ्नो प्रभाव रहेको कर्णाली प्रदेशको राजधानीमा देउवापक्षले गरेको सो कार्यक्रमलाई ‘नेपाली कांग्रेसको बृहत्तर एकता र भावी कार्यदिशा’ नाम दिइएको थियो। शनिबारबाट सुरु भएको भेलामा आइतबारको केही जिल्ला सभापतिले पछिल्ला गतिविधि पार्टी फुटतर्फ गएको आशयले बोलेका थिए। देउवा पक्षका नेता खड्काले नै पार्टी विभाजनको डिलमा पुगेको बताएपछि जिल्ला सभापतिहरूले चासो राखेका थिए। देउवा टिमकै वर्चस्व भए पनि कर्णाली कांग्रेसका सभापतिहरूले दुवै पक्ष लचिलो भएर पार्टी एकता जोगाउनुपर्ने बताएका थिए।

खड्काले अघिल्लो दिन नेतृत्वकै कारण पार्टी एकता जोगाउन कठिन रहेको चेतावनी दिएका थिए। खड्काले आफूहरूको भेटमा सभापति र उपसभापतिले एक्लै अगाडि नबढ्ने बताएको दाबी गरेका थिए। पछिल्लोपटक भएका केन्द्रीय समिति विस्तार, भ्रातृ संस्थाको तदर्थ समिति, क्रियाशील सदस्यताको विषयमा नेतृत्वले एकपछि अर्को कदम चालेपछि इतर पक्ष आक्रोशित भएका छन्।

विशेषबाट सभापतिमा गगन थापा, उपसभापति पुष्पा भुसाल, विश्वप्रकाश शर्मा, महामन्त्रीमा गुरुराज घिमिरे र प्रदीप पौडेल निर्वाचित भएका थिए। नेतृत्वमा युवानेता आएपछि एकैपटक पहिलो र दोस्रो तहका नेता सक्रिय राजनीतिक डिलमा पुगेका छन्। यसैले आफूभन्दा जुनियर नेताको नेतृत्व नमान्ने चेतावनी पुराना नेताले खुला रूपले दिएका छन्। विमलेन्द्र निधिदेखि प्रकाशमान सिंहसम्मले अपमान सहेर कांग्रेसमा नबस्ने बताइरहेका छन्। खड्का स्वयम्ले गगनहरूले पार्टी कब्जा गरेको, आफूलाई अपमान गरेकाले कांग्रेसमा रहिरहन कठिन पर्ने कार्यकर्ताहरूलाई बताएका थिए। तर, देशभरका कार्यकर्ता र तल्लो तहका नेता दुवै पक्ष लचिलो भएर अगाडि बढ्नुपर्ने पक्षमा छन्।

महामन्त्री गुरुराज घिमिरे विधि, प्रक्रिया र आधिकारिकता पाएको पार्टी नेतृत्वसँग असहमति राख्दै पार्टी फुट्छ भन्नुमा कुनै तर्क नभएको बताउँछन्। ‘पार्टी विभाजनको डिलमा छ भन्नुमा कुनै तर्क छैन। किनकि विधि र प्रक्रिया अवलम्बन गरेर वैधानिकता र आधिकारिकता पाएका हौँ। हामीमाथि अब केही प्रश्न छैन। पार्टीलाई एक ढिक्का राख्न आवश्यक र लचक भएर पहलकदमी लिइरहेका छौँ,’ घिमिरेले भने, ‘चुनावमा टिकट, संसदीय दलको नेता चयन, केन्द्रीय समितिमा १९ जनाको मनोनयनमा कुनै गुटबन्दी गरिएको छैन। निष्पक्ष रूपमा स्थान दिएका छौँ। सबै तहमा स्थान दिने, विशेष महाधिवेशनमा सहभागी नहुनेलाई पनि साथ लिएरै अगाडि बढेका छौँ। यसैले पार्टी विभाजनको घुर्की उहाँहरूले नदिए हुन्छ।’

महाधिवेशन गर्ने प्रक्रियामा समेत सबैलाई समेटेर जाने कुरा भइरहेको भन्दै देशभर पार्टी विभाजनको राग नलाप्न घिमिरेले चेतावनी दिए। ‘हामी हरेक दिन भेटघाट गरिरहेका छौँ। नेताहरूलाई आग्रह गर्दै छौँ। महाधिवेशनमा समेत सबैलाई स्थान दिने भनेका छौँ। तर, विधि र प्रक्रियाभन्दा बाहिर गएर समाधान गर्न सकिँदैन,’ घिमिरले भने, ‘हामी नेतृत्वमा भएकाले पार्टी विभाजन गर्ने कुरा भएन। यस्तोमा पार्टी विभाजन गर्नुपर्ने कारण छैन, उहाँहरूलाई विभाजन गर्न मन लागेको भए उहाँहरूको कुरा हो। विधि, प्रक्रिया सबैले मान्नुपर्छ। हिजो फरक मत हुँदा पनि एउटै पार्टीमा रहेर हामीले आफ्ना मान्यता राखिरह्यौँ।’

कार्यकर्ता भड्काएर पार्टी खोल्छौँ भने कसैले साथ नदिने घिमिरे बताउँछन्। ‘अहिले कार्यकर्ता भड्किन्छन् भनेर नयाँ पार्टी खोल्ने चेतावनी नदिए हुन्छ। बरु नयाँ पार्टी खोल्ने मन कसैलाई भए खोले हुन्छ। मन हुनेलाई रोक्न सकिँदैन,’ घिमिरे भने, ‘हिजो उहाँहरूको पेलान, अपमान सहेर पनि हामी पार्टीबाट अलग भएनौँ। उहाँहरूको वर्चस्व रहेकै अवस्थामा महाधिवेशन प्रतिनिधि जुटाएर नेतृत्व बदल्यौँ। त्यसैले आफ्नो विचार सही लाग्नेले चुपचाप पार्टीमा प्रतिस्पर्धा गरेर कार्यकर्ताको मन जित्ने हो, यसरी डर देखाएर पार्टी विभाजनको डिलमा पुग्यो भन्ने होइन।’

**नेतृत्वका लागि चार नेताको नाम**

पार्टी अलग बनाउँदा कसले नेतृत्व गर्ने भन्नेमा समेत देउवापक्ष छलफलमा जुटिसकेको छ। डा. शेखर कोइराला र शशांक कोइरालाले अलग पार्टी नै बनाउने कुरामा बेवास्ता गर्दा अन्य चार नेताले भने कम्मर कसेको बताइन्छ। यसअघि कार्यवाहक भएका पूर्णबहादुर खड्का, विमलेन्द्र निधि, प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौलामध्ये एक जनाले नेतृत्व गरेर जाने विषयमा समेत छलफल भएको बताइन्छ। नेता निधिले आफूहरूले समानान्तर गतिविधिका लागि पार्टी कार्यालय खोल्नेसम्मको तयारीमा अगाडि बढेको बताएका छन्। १४औँ महाधिवेशन र विशेष महाधिवेशनको केन्द्रीय समिति मर्ज गरे मात्रै आफूहरूलाई मान्य हुने उनीहरूको अडान छ। नेतृत्वले गरेको १५औँ महाधिवेशन एकलौटी हुने तर्क देउवा समूहको छ।

# शीत भण्डार पाँच वर्षदेखि अलपत्र

**सुधा देव**

सप्तरी, ३ जेठ। जिल्लाको राजविराज नगरपालिका १५ मा निर्माणाधीन रहेको शीत भण्डार ५ वर्षदेखि अलपत्र अवस्थामा भएपछि खिया लागेर बिग्रिने अवस्थामा पुगेको छ। ठेकेदार कम्पनीले शीत भण्डारको कामलाई अधुरो अवस्थामा छोडेको ५ वर्ष बितिसक्दा समेत काम पुनः सुरू हुनसकेको छैन। तीन हजार मेट्रिक टन क्षमता भएको निर्माणाधीन शीत भण्डारको फलाममा खिया लागेर बिग्रिने अवस्थामा पुगेको स्थानीयवासीको भनाइ छ।

तत्कालीन मधेस प्रदेश सरकारले आठवटै जिल्लामा एक–एक शीत भण्डार निर्माण गर्ने योजना अनुसार हनुमान नगर सडक खण्डसँग जोडिएको राजविराज नगरपालिका वडा १५ मा नगरपालिकाले एक बिघा जग्गा उपलब्ध गराएर निर्माण गरेको शीत भण्डारको काम रोकिएर अधुरो भएपछि अहिलेसम्म सञ्चालन हुन नसकेको स्थानीय सरस्वती यादवले बताउनुभयो। २०७४–०७५ सालमा मधेश सरकारले गरेको टेन्डर अनुसार शीत भण्डार निर्माणका लागि पच्चीस करोड ४४ लाख ४३ हजार ९५९ रूपियाँमा शर्मा आशिष जेभी प्रालि.ले ठेक्का लिएको थियो। २०७५ साल पुस १९ गते सम्झौता भएको यो योजनाको २०७५ साल फागुन २ गते जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र तत्कालीन भूमि व्यवस्था तथा कृषिमन्त्री शैलेन्द्र प्रसाद साहले शिलान्यास गरेर निर्माण थालिएको थियो।

शिलान्यासपछि यो योजनाको काम सुरू भएको थियो। कुल लागत मध्ये ६० प्रतिशत संघीय सरकार, २० प्रतिशत प्रदेश सरकार र २० प्रतिशत जिल्लाको सहकारी संघको समन्वयमा सहकारी संस्थाले दिने सहमति भएको थियो। २०७७ जेठ १८ गतेसम्म निर्माण सम्पन्न हुने भनिए पनि शीत भण्डारको अन्तिम म्याद सकिएको पाँच वर्ष भन्दा बढी भइसक्दा समेत पूरा हुन नसक्दा शीत भण्डारका फलामहरू खिया लागेर जीर्ण अवस्थामा पुगेको छ। अहिलेसम्म संघीय सरकारले ६० प्रतिशत रकम मध्ये ६ करोड ३६ लाख रूपियाँ रकम मात्र निकासा दिएको, प्रदेश सरकारले पनि आफ्नो भागको २० प्रतिशत रकम मध्ये एक करोड ४ लाख रूपियाँ भुक्तानी दिएको र स्थानीय सहकारी संघसंस्थाबाट २० प्रतिशत रकम बेहोर्ने सम्झौता भए पनि अधिकांश रकम आउन बाँकी रहेकोले बजेटको अभावमा शीत भण्डारको काम अधुरै रहेको निर्माण कम्पनीका प्रतिनिधि घनश्याम साहले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, अहिलेसम्म आठ करोडको काम भएको छ। भुक्तानी भने पौने चार करोडको मात्र भएको छ। काम गरेको रकम भुक्तानी दिएभने काम सुरू गर्छौं। रकम भुक्तानी समयमा भएको भए काम सम्पन्न भइसक्ने थियो उहाँले बताउनुभयो। रकम अभावका कारण भुक्तानी हुन नसक्दा शीत भण्डारको काम सम्पन्न हुन नसकेको राजविराज नगरपालिकाका कार्यावाहक नगर प्रमुख इसरत परबिनले बताउनुभयो। उहाँले भन्नुभयो, सुरूको वर्ष शीत भण्डारका लागि संघीय सरकारले कृषि मन्त्रालयबाट बजेट छुट्याएको थियो । तर आ.व २०८१–०८२ र चालु आर्थिक वर्ष २०८२–०८३ मा भौतिक पूर्वाधार मन्त्रालय मार्फ बजेट छुट्टयाए पनि कृषि तर्फ रहेको शीत भण्डारका लागि भौतिक पूर्वाधार मन्त्रालयले छुट्टयाएको बजेट शीत भण्डार निर्माणका लागि प्रयोग गर्न नमिलेपछि शीत भण्डार निर्माणको काम पूरा हुन नसकेको हो।

जिल्लामा शीत भण्डार नभएपछि यस क्षेत्रका किसानले उत्पादन गरेको सामाग्री भण्डारण गर्न समस्या हुँदै आएको स्थानीय बौबालाल यादवले बताउनुभयो।

# सडक मानव खोज्दै मानव सेवा आश्रम

**विजयकुमार साह**

ढल्केबर, ३ जेठ। सडक आश्रित तथा सहयोगापेक्षी मानवको उद्धार अभियान अन्तर्गत मानव सेवा आश्रमको टोली शनिबार धनुषाको ढल्केबर आइपुगेको छ। मानव सेवा आश्रम र आनी छोइङ ड्रोल्मा फाउन्डेसनको सहकार्यमा सञ्चालित ‘मेचीमहाकाली राष्ट्रिय उद्धार यात्रा २०८३’ अन्तर्गत पाँचौं दिनमा यहाँ आइपुगेको टोलीले सडक आश्रित व्यक्तिको खोजी तथा उद्धार कार्य गरेको हो। मानव सेवा आश्रमका केन्द्रीय महासचिव सुशीला केसीले सडक मानवमुक्त देश बनाउने सरकारको अभियानलाई सफल बनाउन आश्रमका अभियन्ता देशव्यापी उद्धार यात्रामा खटिएको बताउनुभयो।

उहाँका अनुसार ढल्केबर क्षेत्रमा गरिएको खोजी अभियानका क्रममा एक जना सडक आश्रित व्यक्तिको उद्धार गरिएको छ। उहाँले मधेश प्रदेश अन्तर्गत सप्तरी, सिराहा र धनुषामा गरी हालसम्म ११ जनाको उद्धार गरिएको बताउँदै उद्धार गरिएकामध्ये चार जना महिला र सात जना पुरुष रहेको जानकारी दिनुभयो। त्यस्तै, कोशी प्रदेशबाट मात्रै ४८ जना सडकआश्रित मानवको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये ३६ जना पुरुष र १२ जना महिला रहेका छन्।

आश्रमले सडकपेटी, सार्वजनिक स्थल तथा बजार क्षेत्रमा कष्टकर जीवन बिताइरहेका व्यक्तिलाई उद्धार गरी आश्रममा संरक्षण, उपचार तथा पुनःस्थापनाको व्यवस्था गर्दै आएको महासचिव केसीले बताउनुभयो। सडकको पीडा, बेवास्ता र असहायताबिच जीवन बिताइरहेका व्यक्तिलाई संरक्षणमा ल्याएर नयाँ जीवनतर्फ अग्रसर गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको उहाँको भनाइ छ। वैशाख २७ गते काठमाडौँबाट सुरु गरिएको उक्त अभियान जेठ २२ गतेसम्म सञ्चालन हुने जनाइएको छ। वर्षायाममा कसैले पनि सडकपेटीमा कष्टकर जीवन बिताउन नपरोस् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो।

झापाबाट औपचारिक रूपमा सुरु गरिएको यात्रामा मेची पुलमा दीप प्रज्ज्वलन गरिएको थियो। यात्रामा २४ जना सहभागी रहेका छन्। मानव सेवा आश्रमले सडक आश्रित मानव देखिएमा उद्धार कार्यमा सहजीकरणका लागि नजिकको प्रहरी कार्यालय वा आश्रमलाई जानकारी गराइ सहयोग गर्न महासचिव केसीले सबैमा आग्रह गर्नुभयो।

# वीरगन्जको घण्टाघर क्षेत्रमा सरसफाइ

वीरगन्ज, ३ जेठ। राष्ट्रिय सरसफाइ सप्ताह अन्तर्गत वीरगन्ज महानगर र ग्रिनिसिटी सामुदायिक प्रहरी सेवा केन्द्रले आज वीरगन्जको घण्टाघर परिसरमा बृहत् सरसफाइ गरेको छ। संघीय सरकारले सप्ताहव्यापी रूपमा राष्ट्रिय सरसफाइ सप्ताह सञ्चालन गर्न अनुरोध गरे अनुसार नै यहाँ पनि सरसफाइ गरिएको हो।

ग्रिनिसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले सरसफाइ सप्ताह अन्तर्गत दिनहुँजसो सरसफाइ गर्दै आइरहेको जानकारी दिनुभयो। “हामीले वीरगन्जलाई स्वच्छ र हराभरा बनाउनका लागि एक दिन मात्रै नभएर वर्षभरि नै सरसफाइ र वृक्षरोपणको काम गर्दै आइरहेका छौँ,” उहाँले भन्नुभयो, “संघीय सरकारले राष्ट्रिय सरसफाइ सप्ताह मनाउन अनुरोध गरेपछि सरसफाइ नगर्ने त कुरै नै भएन।”

वीरगन्ज महानगरको फोहोरमैला व्यवस्थापन गर्दै आएको एनके इन्टरनेसनल इन्टरप्राइजेजका सञ्चालक शिव गुप्ताले वीरगन्जमा दिनको तीन पटकभन्दा धेरै सयम फोहोरमैला सङ्कलन गर्दै आइरहेको बताउनुभयो। “हामीले नियमित रूपमा तीन पटकभन्दा धेरै समय सरसफाइकर्मी खटाएर वीरगन्जलाई सफा बनाउने काममा खटिरहेका छौँ,” उहाँले भन्नुभयो, “विगतको एक दशकको तुलना वीरगन्जको सरसफाइ निकै राम्रो भइरहेको छ।”

# लहानको प्रादेशिक अस्पतालका अध्यक्ष र तत्कालीन मेसुको चाला : शिलामा नाम लेखाउन सिटिस्क्यान उद्घाटन, भोलिपल्टै बन्द



**मणिलाल विश्वकर्मा**

लहान, ३ जेठ। सिराहाको लहानमा रहेको रामकुमार शारदा उमाप्रसाद मुरारका स्मारक अस्पतालका अध्यक्ष र निमित्त मेडिकल सुपरिटेन्डेन्टले शिलामा आफ्नो नाम राख्नैका लागि सिटिस्क्यान सेवा उद्घाटन गरेको पाइएको छ। तर, २१ वैशाखमा उद्घाटन गरेर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहता र तत्कालीन निमित्त मेडिकल सुपरिटेन्डेन्ट रणजितकुमार झाको नाम लेखाइसकेपछि भोलिपल्टबाट भने सिटिस्क्यान सेवा बन्द छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत १४ चैतमा निर्णय गर्दै झालाई दरबन्दी रहेको अस्पताल (वीरमा) काज फिर्ता गरेको थियो। सिटिस्क्यान सञ्चालनका लागि जनशक्ति अभाव रहे पनि शिलामा नाम लेखाउनैका लागि उनी र अध्यक्षले सेवा उद्घाटन गरे। त्यसको भोलिपल्ट २२ वैशाखमा उनी प्रदेशिक अस्पतालबाट रमाना भएका थिए।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मेहताले तत्कालीन मेसु झाबाट सिटिस्क्यान उद्घाटनको प्रस्ताव आएछि सोहीअनुसार गरिएको हो। 'वैशाखको पहिलो साता भएको समितिको बैठकमा उहाँले उद्घाटनको प्रस्ताव ल्याएपछि मिति तय गरी निर्णय गरिएको हो,' उनले भने, 'निर्णयअनुसार मैले र मेसुले संयुक्त रूपमा उद्घाटन गर्‍यौँ। जनशक्ति अभावमा नियमित सञ्चालन गर्न सकिएको छैन। त्यसका लागि प्रदेश मन्त्रालयमा पहल गरिरहेका छौँ।'

अधिकारकर्मी राजकुमार कुर्मीले करोडौँको उपकरण थन्क्याएर राख्नु लहान क्षेत्रका लागि दुर्भाग्यपूर्ण भएको बताए। 'उपकरण खरिद गर्न हतार गर्ने मन्त्रालयले जनशक्ति व्यवस्थापनमा किन गम्भीरता देखाउँदैन ?' उनले प्रश्न गरे। हालै जिम्मेवारी सम्हाल्न आएकी मेडिकल सुपरिटेन्डेन्ट डा. वर्षा प्रकाशले सिटिस्क्यान सञ्चालन गर्नु आफ्नो मुख्य प्राथमिकता रहेको बताइन्। 'प्रदेशभरि नै रेडियोलोजिस्टको अभाव छ, मन्त्रालयमा ताकेता गरिरहेका छौँ, तर कर्मचारी कहिले आउँछन् भन्ने टुंगो छैन,' उनले भनिन्।

०८१ भदौमा तत्कालीन निमित्त मेसु डा. बृजेन्द्र साहको पालामा सिटिस्क्यान मेसिन ल्याइएको थियो। तर, रेडियोलोजिस्टसमेत रहेका साहको सरुवा भएपछि मेसिन चलेको थिएन। मधेश प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले १२ करोड रुपैयाँमा खरिद गरेको दुईवटा सिटिस्क्यानमध्ये एउटा लहान अस्पताललाई उपलब्ध गराएको थियो।

**अस्पतालका अध्यक्ष भन्छन उद्घाटन त भयो, तर चलाउने मान्छे छैनन्**

अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति अध्यक्ष रामनारायण मेहताले विपन्न बिरामीको हितका लागि उपकरण जडान गरिए पनि जनशक्ति नहुँदा समस्या परेको बताए। 'हामीले उपकरण जडानपछि उदघाटन त गर्‍यौँ। तर, दक्ष जनशक्ति र अन्तिम प्राविधिक निरीक्षण नहुँदा सेवा दिन सकेका छैनौँ,' उनले भने। जनशक्ति व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयसँग समन्वय भइरहेको उनले बताए।

हाल १५ शड्ढयाको स्वीकृत दरबन्दी भए पनि अस्पतालले करारका कर्मचारीमार्फत सय शड्ढयाको सेवा दिँदै आएको छ। तर, सिटिस्क्यानजस्तो संवेदनशील र प्राविधिक उपकरण सञ्चालन नहुँदा दुर्घटना, मस्तिष्कघात र गम्भीर चोटपटक लागेका बिरामी बढी मर्कामा परेका छन्। सरकारी अस्पतालमा सुलभ शुल्कमा सेवा पाउने आशामा रहेका सिराहा, सप्तरीका बिरामी महँगो शुल्क तिरेर निजी क्लिनिक र मधेश प्रदेशका विभिन्न अस्पताल जान बाध्य छन्। सरकारी अस्पतालमा तीन हजारदेखि ३५ सय रुपैयाँमा हुने सिटिस्क्यान सेवा नपाउँदा बिरामीले निजीमा दोब्बर–तेब्बर रकम तिर्नुपरेको छ।

# जनकपुर उच्च अदालतबाट तीन हजार मुद्दा फछ्र्यौट

धनुषा, ३ जेठ। जनकपुर उच्च अदालतले चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म तीन हजार ११५ मुद्दा फछ्र्यौट गरेको छ। पुरानो र नयाँ गरी कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको थियो। उच्च अदालतका शाखा अधिकृत गणेश पाण्डेका अनुसार फछ्र्यौट भएका मुद्दामध्ये अघिल्लो वर्षबाट सरी आएका दुई हजार २६७ र नयाँ दर्ता भएका तीन हजार ३८४ सहित कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको छ। उहाँका अनुसार दुई हजार ५३६ मुद्दा फछ्र्यौट हुन बाँकी छ।

अदालत सम्बन्धमा जानकारी दिँदै सो अदालतका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले न्यायीक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्यौटको अवस्थाबारे जानकारी दिनुभयो। विवरणअनुसार जिम्मेवारी सरी आएका मुद्दामध्ये एक हजार ७२४ मुद्दा फछ्र्यौट गरी ५४३ मुद्दा बाँकी रहेका छन्। यसैगरी, चालु वर्षमा नयाँ दर्ता भएका मुद्दामध्ये एक हजार ३९१ मुद्दा फछ्र्यौट हुँदा एक हजार ९९३ मुद्दा अझै बाँकी छन्। अदालतको कुल मुद्दा फछ्र्यौट प्रतिशत ५५ दशमलव १२ रहेको जानकारी दिइएको छ।

अदालतले लामो समयदेखि विचाराधीन रहेका मुद्दालाई प्राथमिकताका साथ टुङ्ग्याउने अभियान पनि सञ्चालन गरिरहेको जनाएको छ। सार्वजनिक विवरण अनुसार एक वर्षदेखि १८ महिनाभित्रका ३७४ मुद्दा, १८ महिनादेखि दुई वर्षभित्रका ७० मुद्दा तथा दुई वर्ष नाघेका चार मुद्दा अझै विचाराधीन रहेका छन्। त्यसैगरी, २०८१ साल पुस मसान्तसम्म दर्ता भई बाँकी रहेका मुद्दाको सङ्ख्या १२४ रहेको अदालतले जनाएको छ।

कामु मुख्य न्यायाधीश कुँवरले न्यायपालिकाप्रति नागरिकको विश्वास कायम राख्न छिटो, निष्पक्ष र प्रभावकारी न्याय सम्पादन आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार अदालतले पुराना मुद्दा फछ्र्यौटलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको उल्लेख गर्दै न्यायमा नागरिकको पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहने विचार व्यक्त गर्नुभयो।

अदालतले चालु आर्थिक वर्षका लागि चार हजार ५४६ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गरेको जनाएको छ।

# लहानलाई खुला दिशामुक्त बनाउने अभियान सुरु

लहान, ३ जेठ। लहान नगरपालिकाभित्र रहेका २० हजार ५७७ घरपरिवारमध्ये अझै चार हजार २०१ विपन्न दलित तथा मुसहर परिवारसँग आफ्नै शौचालय नभएको पाइएको छ। यिनै परिवारलाई समेटेर लहान नगरपालिकालाई खुला दिशामुक्त र पूर्ण सरसफाइयुक्त बनाउन विशेष रणनीतिसहित अभियान सुरु गरिएको छ।

नगरप्रमुख महेशप्रसाद चौधरीले नगरपालिकाले गैरसरकारी संस्था दलित जनकल्याण युवा क्लबसँग सहकार्य गर्दै मुसहर बस्तीहरूमा आधुनिक सामुदायिक शौचालय निर्माण कार्यलाई तीव्रता दिएको बताएका छन्। हालसम्म विभिन्न सुकुमवासी बस्तीमा ६ वटा सुविधा सम्पन्न सामुदायिक शौचालय निर्माण भई सञ्चालनमा आइसकेको र अन्य क्षेत्रमा विस्तार हुँदै जाने उनले बताए।

लहानलाई शतप्रतिशत शौचालययुक्त नगर बनाउने प्रतिबद्धता व्यक्त गर्दै उनले भने, "जग्गा नभएर शौचालय बनाउन नसकेका विपन्न मुसहर परिवारका लागि ६ वटा आधुनिक सामुदायिक शौचालय बनाइसकेका छौँ र अन्य ठाउँमा बनाउने क्रम जारी छ। लहानलाई खुला दिशामुक्त बनाउने यो अभियानलाई सम्पूर्ण नगरवासीले साझा अभियानका रूपमा सहयोग गर्न अपिल गर्छु।"

अभियानलाई प्रभावकारी बनाउन विभिन्न वडामा ८१ वटा टोलस्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समिति गठन गरी काम सुरु गरिएको छ। यी समितिमा स्थानीय युवा र क्लबलाई सक्रिय बनाउँदै घरायसी सरसफाइ, महिनावारी स्वच्छता व्यवस्थापन र पानीजन्य रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदैछ। खानेपानी र सरसफाइ क्षेत्रमा सहकार्य गरिरहेको विकन परियोजनाका प्रबन्धक राजेश लोहनीले टोलस्तरमै समिति गठन गरेर युवालाई जिम्मेवारी दिइएको र यसले सरसफाइ बानी व्यवहारमा सुधार ल्याउने विश्वास व्यक्त गरेका छन्।

नगरप्रमुख चौधरीका अनुसार यही जेठ महिनाभित्र लहान नगरपालिका–७ लाई औपचारिक रूपमा 'खुला दिशामुक्त वडा' घोषणा गर्ने तयारी पूरा भएको छ। त्यसपछि अन्य वडालाई पनि क्रमशः खुला दिशामुक्त र पूर्ण सरसफाइयुक्त बनाउँदै लगिनेछ।

# घरमा पुगेर ज्येष्ठ नागरिकलाई सम्मान

**विजयकुमार साह**

ढल्केबर, जेठ ३ गते। धनुषाको छिरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादवले घरघरमा पुगेर ज्येष्ठ नागरिकलाई सम्मान गर्नुभएको छ। जेष्ठ नागरिकलाई हिँडडुल गर्न कठिनाइ हुने भएकाले घरदैलोमै पुगेर सम्मान गरिएको उहाँले बताउनुभयो। नगर प्रमुख यादवले नगर क्षेत्रभित्र तीन हजार पाँच सयभन्दा बढी ज्येष्ठ नागरिक रहेको बताउँदै अहिलेसम्म एक हजार पाँच सय बढीलाई सम्मान गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार सम्मानमा महिलालाई साडी र पुरुषलाई धोती प्रदान गरिएको गरिएको बताउँदै उहाँले बाँकी रहेका जेष्ठ नागरिकलाई पनि क्रमशः घरमै पुगेर सम्मान गरिने बताउनुभयो। नगरपालिकाका १० वटा वडामध्ये हालसम्म वडा नम्बर १ देखि ५ सम्मका जेष्ठ नागरिकलाई घरमै पुगेर सम्मान गरिएको उहाँले जानकारी दिनुभयो।

नगर प्रमुख यादवका अनुसार कार्यालयमा कार्यक्रम आयोजना गरेर सम्मान गर्दा धेरै जेष्ठ नागरिकलाई वृद्धालाई आउन शारीरिक समस्या हुने भएकाले घरघरमै पुगेर सम्मान गरिएको उहाँको भनाइ छ। घरघरमा पुगेर सम्मान गर्दा उहाँहरूको स्वास्थ्य अवस्था र जीवनशैलीबारे जानकारी प्राप्त गर्ने अवसरसमेत मिलेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो,"जेष्ठ नागरिक समाजका मार्गदर्शक हुन्। उहाँहरूलाई सम्मानपूर्वक सेवा दिनु स्थानीय सरकारको दायित्व हो।"

उहाँले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता पनि घरघरमा पुर्‍याउने व्यवस्था मिलाउने जानकारी दिनुभयो। आगामी दिनमा अशक्त तथा हिँडडुल गर्न नसक्ने नागरिकलाई लक्षित गरी सामाजिक सुरक्षा भत्ता घरमै उपलब्ध गराउने विषयमा छलफल अघि बढाएको नगर प्रमुख यादवले बताउनुभयो।

## *गैरआवासीय ...*

संयोजकहरू जनक थापामगर र इशान रेग्मी, युवा संयोजकहरू सुशील गौतम, केशवराज मल्ल, दुईजना प्रवक्ताहरू दर्शन सुनार र एकराज कटुवाल, दुईजना लेखा संयोजकहरू पदमबहादुर विष्ट, रामप्रसाद गौतम तथा बाँकी सदस्यहरू निर्वाचित भएका छन्। वैदेशिक रोजगारी गर्न आकर्षक गन्तव्य मानिएको मध्यपूर्वको खाडी मुलुक कतारमा निर्माण, होटेल रेस्टुरेन्ट, सुपर मार्केट, सेक्युरिटी, विभिन्न सरकारी तथा अर्धसरकारी निकाय र निजी क्षेत्रमा करिब पौने चार लाख नेपाली श्रमिक कार्यरत रहेको परिषद्ले जनाएको छ।

## चालिस लाख मूल्य...

कार्यालय बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिनुभयो। सीमा क्षेत्रमा हुने यस्ता अवैध गतिविधि र तस्करी नियन्त्रणका लागि सशस्त्र प्रहरीले निगरानी र गस्तीलाई थप तीव्र बनाएको उहाँको भनाइ छ।

माटो राम्रो, बाली राम्रो, विषादी कम, सुरक्षित
स्वास्थ्य हाम्रो सन्तुलित प्राकृतिक खेती गरौं,
सुरक्षित भविष्य बनाऔं।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)